# नेपाल–भारत उद्योग बाणिज्य संघ
## NEPAL-INDIA
## CHAMBER OF COMMERCE & INDUSTRY

द.नं.: ९०/०५१/५२ जि.प्र.का. काठमाडौ
स.क.प.द.नं.: १९७५८
पान नं: ३०२३१२११९
नक्साल, काठमाडौं ।

**नेपाल-भारत उद्योग वाणिज्य संघका अध्यक्ष श्रीमती सृजना राणा**
**द्रौपदी सम्मानपत्रबाट भारतमा सम्मानित हुनु भएकोमा**
**नेपाल-भारत उद्योग वाणिज्य संघको**

# प्रेस बिज्ञप्ति

यस नेपाल-भारत उद्योग वाणिज्य संघका अध्यक्ष श्रीमती सृजना राणा द्रौपदी सम्मानपत्रबाट भारतमा सम्मानित हुनुभएको छ । द्रौपदी ड्रीम ट्रस्टले उक्त सम्मान प्रदान गरेको हो । द्रौपदी ड्रीम ट्रस्ट प्राचीन पूर्वीय सभ्यता, कला, संस्कृति धर्म लगायत ईतिहासको क्षेत्रमा बिगत लामो समय देखी खोज अनुसन्धानहरुमा संलग्न हुनुका साथै सो सम्बन्धी प्रकाशनहरु समेत गर्दै आईरहेको संस्था हो । श्रीमती राणाले नेपाल-भारत उद्योग वाणिज्य संघको अध्यक्षको रुपमा नेपाल तथा भारतवीच धार्मिक पर्यटनको प्रबर्द्धन गर्ने उद्देश्यका साथ ५ वटा धार्मिक पदमार्गचक्रहरु, बुद्धिस्ट सर्किट, महाभारत सर्किट, रामायण सर्किट, शिब-शक्ति सर्किट तथा शिख सर्किटको बिकास तथा सो सम्बन्धी कफीटेबल बुकको प्रकाशन तथा वेवसाईट निर्माण कार्यका लागि अगुवाई गर्नको साथै दुई देश बीचको पारस्परिक सम्बन्धको बिकासका पुर्याउनुभएको योगदानको कदर स्वरुप सो सम्मान प्रदान गरेको हो ।

२० मई २०२२ का दिन भारतको नयांदिल्लीमा एक भब्य कार्यक्रमको आयोजना गरी उक्त सम्मान प्रदान गरिएको हो । उक्त सम्मान भारत सरकारका प्रमुख सुरक्षा सल्लाहकार श्री अजित डोभलद्वारा प्रदान गरिएको थियो । भारतका बिभिन्न बिशिष्ट ब्यक्तिहरुका साथै नेपालबाट श्रीमती सृजना राणालाई यो बर्ष उक्त सम्मान प्रदान गरिएको हो । यस संघका अध्यक्ष श्रीमती सृजना राणालाई उक्त सम्मानबाट सम्मानित गरिएकोमा यस संघ गर्व महसुस गर्नुका साथै आगामी दिनहरुमा यस संघलाई नेपाल-भारतबीच आर्थिक तथा अन्य बिबिध सम्बन्धहरुको प्रबर्द्धन र बिकासका कार्य गर्न थप हौसला प्रदान गरेको छ ।

उक्त अवसरमा भारतका लागी नेपाली राजदूत डा. शंकर शर्मा तथा नेपाली दूतावासका ईकोनोमिक मिनिस्टर नीता पोखरेलको पनि उपस्थिति रहेको थियो ।

केशब मान सिंह
महानिर्देशक
नेपाल-भारत उद्योग वाणिज्य संघ
एस अपार्टमेण्टस्, नारायणचौर, नक्साल, काठमाडौं ।
मितिः २०७९ जेठ ८ ।